दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २९० | बुटवल | २०८२ कात्तिक १४ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday October 31, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**सम्पदाको संरक्षण गरौं।**

-देशका ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मूर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,

-राष्ट्रिय सम्पत्तिहरु मुलुकको पहिचान हुन्, तिनीहरु प्रति गर्व गरौं,

-राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो।

**हाम्रो सम्पदा, हाम्रो पहिचान**

**सबै मिली गरौं संरक्षण !**

**नेपाल सरकार विज्ञापन बोर्ड**

# मजदुरको रोजगारीबारे बोल्दाबोल्दै अस्ताए कमल

**उद्योगमा लाइन काटिंदा रुपन्देहीका २५ हजार मजदुरको रोजगारी गुम्ने भन्दै उनले रोजगारी गुम्न नदिन सांकेतिक आन्दोलन सुरु गरेको बताउँदै गर्दा गौतम ढलेका थिए।**



**भाषण गर्दागर्दै हृदयघात भएर मृत्यु भएका मजदुर नेता कमल गौतम गोलो घेरामा।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

मजदुरको हकहितमा झण्डै तीन दशकदेखि क्रियाशील एमाले नेता कमल गौतम उद्योगी र मजदुरको पक्षमा भाषण गर्दागर्दै हृदयघात भएर सदाका लागि अस्ताएका छन्। नेपाल विद्युत् प्राधिकरणले 'ट्रंक लाइन' बापतको बक्यौता महसुल नतिरेको भन्दै उद्योगहरुको लाइन काटेपछि रुपन्देहीका उद्योगी, व्यवसायी र श्रमिकले भैरहवामा आयोजना गरेको विरोध प्रदर्शनलाई सम्बोधन गर्न ६४ वर्षीय गौतम बिहीबार बिहान ११ बजे झरीको पर्वाह नगरी नेपाल विद्युत् प्राधिकरण कार्यालय अगाडि पुगेका थिए। केहीबेर सम्बोधन गरेपछि मजदुरकै विषयमा बोल्दाबोल्दै हृदयघात भएर बेहोस भई गौतम ढलेका थिए। उद्योगमा लाइन काटिंदा रुपन्देहीका २५ हजार मजदुरको रोजगारी गुम्ने भन्दै उनले रोजगारी गुम्न नदिन सांकेतिक आन्दोलन सुरु गरेको बताउँदै गर्दा गौतम एक्कासी ढलेका थिए। उनलाई तत्कालै उपचारका लागि मणिग्रामस्थित क्रिमसन अस्पताल पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए। गौतम हृदयघात भएर ढलेका थिए।

बुटवल उप-महानगरपालिका-३ ज्योतिनगरका स्थायी बासिन्दा गौतम नेकपा एमालेका केन्द्रीय सदस्य समेत हुन्।

बुटवल-भैरहवा औद्योगिक करिडोरका १३ उद्योगको लाइन काटिदिएपछि २५ हजार मजदुरको रोजीरोटी गुमेपछि आन्दोलनमा उत्रिएका उनीहरूको पक्षमा ऐक्यबद्धता जनाएर गरेको भाषण नै गौतमको अन्तिम बोली बन्न पुग्यो। इमानदार र प्रष्ट वक्ता गौतम २०५३ सालदेखि जिफन्टमा आबद्ध भएका थिए। रिक्सा युनियनबाट जिफन्टमा अबद्ध भएका गौतमले मजदुर संगठन निर्माणमा देशव्यापी रूपमा सबै क्षेत्रमा पुगेर काम गरेका स्मरण गर्दै गौतमको निधनले जिफन्ट र एमालेलाई ठूलो क्षति पुगेको एमाले रुपन्देहीका उप-सचिव बाबुराम पन्थीले बताए। गौतमले मजदुरहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सक्रिय भूमिका खेलेका थिए। विशेषगरी उनले अनौपचारिक र असंगठित क्षेत्रका मजदुरलाई पनि कोषमा कसरी जोड्न सकिन्छ भनेर चासो र चिन्ता लिने गरेको एमाले नेताहरु स्मरण गर्छन्।

गौतम २०३८ मा अनेरास्ववियु प्रारम्भिक कमिटीमा जोडिएर राजनीतिमा लागेका थिए। २०४३ मा अनेरास्ववियु रूपन्देहीको अध्यक्ष, सोही साल नेपाल राष्ट्रिय शिक्षक संगठनमा आबद्ध, २०४० मा संयुक्त वाम मोर्चामा आबद्ध, २०४६ मा नेकपा (माले), २०४८ मा एमाले बुटवल नगर कमिटी सचिव, २०५३ मा जिफन्ट, रिक्सा युनियन अध्यक्ष, २०५६ मा एमाले लुम्बिनी अञ्चल सदस्य, दुई कार्यकाल जिफन्ट अध्यक्ष र २०७८ मा एमालेको केन्द्रीय सदस्य चयन भएका थिए। गौतमका दुई छोरा र श्रीमती छन्।

सिद्धार्थ उद्योग वाणिज्य संघले संयोजन गरेको उक्त कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघ,तिलोत्तमा उद्योग वाणिज्य संघ, उद्योग संघलगायत संस्था र लाइन काटिएपछि बन्द भएका उद्योगका मजदुरहरु सयौंको संख्यामा सहभागी भएका थिए।

## प्रधानमन्त्री–जर्मन राजदूत भेटवार्ता



बुटवल। नेपालका लागि जर्मनीका राजदूत उडो भोल्जले प्रधानमन्त्री सुशीला कार्कीसँग बिहीबार शिष्टाचार भेट गरेकी छिन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको भेटमा नेपाल र जर्मनीबिच द्विपक्षीय हित र मित्रताका विषयमा विचार आदानप्रदान भएको थियो। प्रधानमन्त्रीमा कार्की नियुक्त भएपछि उनीहरूबिचको यो पहिलो भेट हो। यस क्रममा जर्मनीका राजदूत उडो भोल्जले प्रधानमन्त्री कार्कीलाई सफल कार्यका लागि शुभकामना व्यक्त गर्दै सदाझैं नेपालको प्राथमिकताअनुसार आवश्यक सहयोग गर्न तयार रहेको बताए।

प्रधानमन्त्री कार्कीले धन्यवाद व्यक्त गरेको उनको सचिवालयले जनाएको छ। यसैबिच प्रधानमन्त्री कार्कीले नेपालको राहदानी नेपाली नागरिकलाई छिटोछरितो सेवा प्रवाह गर्ने कार्यमा जर्मन पक्षबाट सहयोग प्राप्त हुने विश्वास पनि व्यक्त गरिन्।

जवाफमा राजदूत भोल्जले आफ्नो तर्फबाट कम्पनीलाई अनुरोध गरी यस विषयमा सक्दो पहल गर्ने बताए। भेटमा सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार अजयभद्र खनाल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई लगायत कूटनीतिक अधिकारीहरूको उपस्थिति थियो।

## जेनजी आन्दोलनअघिकै अवस्थामा पार्टी चल्न सक्दैन : पुन



बुटवल। नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले पुस मसान्तभित्र नियमित महाधिवेशन गर्नुपर्ने बताएका छन्।

कांग्रेसभित्र नियमित र विशेष महाधिवेशनका लागि रस्साकस्सी चलिरहेका बेला पौडेलले यस्तो बताएका हुन्।

पार्टी केन्द्रीय कार्यालय सानेपामा बिहीबार सञ्चारकर्मीहरूसँगको संक्षिप्त कुराकानीका क्रममा उनले पुस मसान्तभित्र सक्ने गरी नियमित महाधिवेशन गर्नु नै अहिलेको समाधान भएको बताए।

'२४ मंसिरभित्र वडा अधिवेशन गर्ने, पुस मसान्तभित्र महाधिवेशन सक्ने,' नेता पौडेलले भने-'यही नै नेपाली कांग्रेसको अहिलेको समाधान हो। निर्वाचनमा जानका लागि कांग्रेसले गर्नुपर्ने काम नै यही हो।' उनले यही विषयमा जारी केन्द्रीय कार्यसमिति बैठकमा छलफल भइरहेको पनि बताए।

यस्तै नेपाली कांग्रेसको लुम्बिनी प्रदेश कार्यसमिति सभापति अमरसिंह पुनले पार्टीमा देखिएको पछिल्लो तनाव यथावत राखेर निर्वाचनमा जाने र ठूलो पार्टी बन्ने कल्पना गर्न नहुने बताएका छन्। केन्द्रीय कार्यसमिति बैठकमा आमन्त्रित सदस्यका रूपमा बिहीबार धारणा राख्ने क्रममा उनले खिचातानीका बिच चुनावमा गएर पार्टीले राम्रो नतिजा प्राप्त नगर्ने बताएका हुन्।

विशेष महाधिवेशनका लागि हस्ताक्षर गरेका प्रतिनिधिहरूको भावनाको कदर हुनुपर्नेमा जोड दिँदै सभापति पुनले भने-'विधानमा जे व्यवस्था छ त्योअनुसार गरौं। यही खिचातानीमा हामी चुनावमा जाऔंला, ठूलो पार्टी बनौंला भन्ने खालको कल्पना नगरौं।'

उनले पार्टीका नेताहरूलाई पार्टी विधान आफूअनुकूल व्याख्या नगर्न पनि सचेत गराए। 'यहाँ विशेष महाधिवशेनको माग गर्ने साथीहरू पार्टी फुटाउने ? अरू साथीहरू पार्टी जुटाउने ? विधानलाई आफूअनुकूल व्यख्या गर्ने कसैलाई अधिकार छैन।'- प्रदेश सभापति पुनले भने।

नेता पुनले नेताहरूलाई आफूमा भएका समस्याभन्दा माथि उठेर देशको परिस्थितिअनुसार पार्टीलाई एकढिक्का बनाउन लाग्नुपर्नेमा जोड दिए। 'समस्या छ त हामीमा छ, नेतामा छ,' उनले भने-'त्यसकारण समस्याभन्दा माथि उठेर अहिले देशको परिस्थितिलाई हेरेर पार्टीलाई एकढिक्का बनाउने गरी लाग्नुपर्ने बेला आएको छ।

मंसिरमा कांग्रेसले पनि १५औं महाधिवेशन गर्नुपर्ने बताए। 'नेपालको राजनीति विश्व जगतमै फरक ढंगले चिनिएको छ। फरक ढंगले गएको छ,' उनले भने-'हामी सँगसँगैका मुख्य पार्टीहरूले मंसिरमा अधिवेशन तय गरेका छन्। हामी अधिवेशन कि विशेष अधिवेशन भनेर रस्साकस्सी गरिरहेका छौं।'

पुनले पार्टी जेनजी आन्दोलन अघिकै शैलीमा अगाडि बढिरहेको भन्दै आपत्ति जनाए। 'सधैं जसरी चलिरहेका छौं, त्यही नै छ। भदौ २३ र २४ गतेको घटना केही पनि होइन भन्ने रूपले गइरहेका छौं,' उनले भने-'त्यो त्यति राम्रो छैन। समयअनुसार चल्नलाई हामी अगाडि बढ्नुपर्छ।'

## रवि र छविको मुद्दाको सुनुवाइ स्थगित





बुटवल। सहकारी ठगी र संगठीत अपराध अभियोगमा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र तत्कालीन गोर्खा मिडियाका सञ्चालक छविलाल जोशीको मुद्दाको सुनुवाइ बिहीबार पनि स्थगित भएको छ। उनीहरु दुबैको मुद्दा उच्च अदालत तुल्सीपुर बुटवल इजलासका न्यायाधीश ओमप्रकाश अर्याल र तेजनारायण पौडेलको इजलाशमा सुनुवाइ हुने कार्यसूची अदालतले प्रकाशित गरेको थियो। तर तत्कालीन गोर्खा मिडियाका सञ्चालक छविललाल जोशी निवेदकका तर्फबाट बिहीबारको सुनुवाइ स्थगित गरिपाउँ भन्ने निवेदन परेकाले सुनुवाइ स्थगित भएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले बताए। 'अब अर्को बिहीबार साप्ताहिक पेशी पर्छ, रवि र छवि दुबै निवेदकका तर्फबाट स्थगितको निवेदन नपरे सुनुवाइ हुन्छ।'-कुँवरले भने। यसअघि लामिछानेको मुद्दामा न्यायाधीशद्वय मिलनकुमार राई र ओमप्रकाश अर्यालको इजलासले एकै प्रकृतिका मुद्दा भएकाले छवि समेतको दुवै मुद्दा एकैसाथ राख्न आदेश गरेको थियो।

बिगोबमोजिमको रकम बुझाई थुनाबाहिरै बसेर मुद्दा लड्न लामिछानेले माग गरेकामा उच्च अदालतले रविसँगै छविलाल जोशीको पनि फाइल पेस गर्न आदेश दिएको थियो। यसअघि लामिछानेको मुद्दामा उच्च अदालत बुटवलले नै कैफियत प्रतिवेदन माग गर्ने आदेश गरेको थियो।

बुटवलको सुप्रिम सहकारी ठगीको मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेले सहकारीमा अपचलन गरेको आफ्नो भागको बिगो रकम दाखिल गर्दा पनि जिल्ला अदालत रुपन्देहीले रिहा नगरेपछि भदौ ९ गते उच्च अदालतमा निवेदन दर्ता गराएका थिए। यसअघि उनले आफ्नो भागको बिगो दाखिला गरेर सहकारी ठगीको मुद्दाबाट छुटकारा दिन माग गर्दै जिल्ला अदालतमा निवेदन दिएका थिए। जिल्ला अदालतका न्यायाधीश नारायण सापकोटाको इजलासले साउन २६ गते उनको निवेदनमा सुनुवाइ गर्दै रिहा गर्न अस्वीकार गरेको थियो।

बुटवलको सुप्रिम सहकारी ठगीमा रविसहितका प्रतिवादीलाई १० करोड ९९ लाख ३६ हजार रुपैयाँ सामूहिक बिगो कायम गरेर अभियोगपत्र दायर गरिएको छ। तर लामिछानेले त्यसको चार भागमध्ये आफ्नो भागको एक भागबराबर बिगो दाखिला गरेको कागजात पेस गरेका थिए। लामिछानेले २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत निवेदनसाथ पेस गरेका थिए।

लामिछानेले जस्तै जोशीले पनि त्यति नै बिगोबापतको जमानत पेस गरेका थिए। तर, दुवै प्रतिवादीको हकमा उनीहरूको भागमा कति बिगो कायम हुने भन्ने नै यकिन नभएकाले रिहा गर्न नमिल्ने एकै प्रकृतिको आदेश गरेको थियो।



# सम्पादकीय

## विद्युत् बक्यौतामा प्रधानमन्त्रीको हस्तक्षेप आवश्यक

ट्रंकलाइन र डेडिकेटेड लाइनको बक्यौता नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले उद्योगको विद्युत् आपूर्ति बन्द गरेपछि उद्योगी र मजदुर आन्दोलनमा उत्रेका छन् । उद्योगीले उत्पादन बन्द गर्दा उनीहरुलाई लाखौंको घाटा लागेको छ भने, मजदुरको बिहान–साँझको छाक टार्न समस्या भएको छ । उद्योगीले ट्रंक लाइन र डेडिकेटेडका लागि माग नै नगरेकोले महशुल भुक्तानी नगर्ने बरु उद्योग नै बन्द गर्ने जानकारी सरकारलाई दिइसकेका छन् । प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर नै जानकारी गराएका उद्योगी सरकारले माग नसुने उद्योग बन्द गर्ने मुडमा छन् ।

उद्योगी अन्यायमा परेको हो भने उनीहरुले न्याय पाउनुपर्छ । उर्जामन्त्री कुलमान घिसिङको मनोमानीमा जे भइरहेको छ, यसले मुलुकलाई ओरालो यात्रातिर लगेको छ । रूपन्देहीका केही ठूला उद्योगले उपभोग नगरेको बिजुलीको महशुल भुक्तानी गर्नुपर्छ भन्ने उर्जामन्त्रीको दबाब किमार्थ जायज छैन । अरू कसैले आतंकित बनाउँदा सरकार साथमा हुनुपर्छ, तर सरकारले नै आतंकित बनाएका बेला अरु कोही साथमा छैनन् । कुलमान घिसिङले उद्योगीमाथि बर्साएको डण्डा ठिक छ कि छैन भन्ने निर्क्यौल गर्न प्रधानमन्त्री सुशीला कार्की चुकिरहेकी छन् । उनको मौनता रहस्यमय छ । अन्यायमा परेका उद्योगीको निवेदन दिने र त्यसको छानबिन गर्न अघिल्लो सरकारले गठन गरेको पुनरावेदन समिति समेत अहिले खारेज भएको छ । सरकारले समिति खारेज गरेर कुलमानलाई मनपरी गर्न छुट दिएको छ । एउटा मन्त्रीको इगो र स्वार्थका कारण निजी क्षेत्र तहसनहस हुने अवस्था आउनु र प्रधानमन्त्री मौन बस्नुले अब यो प्रकरणमा राजनैतिक दलको भूमिकाको पनि खोजी गरेको छ । २५ हजार मजदुरले रोजगारी गुमाएका छन् । उनीहरु सडकमा आउने अवस्था आउँदा संवेदनहिन सरकारप्रति नागरिक भरोसा र विश्वास टुट्दै जाने जोखिम बढेको छ ।

नेपाल विद्युत् प्राधिकरण विद्युत् महशुल संकलन विनियमावली २०७३ को विनियम ५(५) मा ३३ केभी ट्रंकलाइन तथा ११ केभी रिंग मेन फिडरबाट नयाँ ग्राहकलाई विद्युत् आपूर्ति नगरिने, अर्को व्यवस्था नभएसममको लागि ट्रंकलाइनबाट आपूर्ति लिइरहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सो भन्दा बढी समय डेडिकेटेड फिडर सरह विद्युत् आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरह विद्युत् आपूर्ति लिन चाहेमा डेडिकेटेड फिडर सरहको महशुल तिरी लिन सक्ने व्यवस्था छ । यस्तो सेवा लिनका लागि निवेदन दिने र डेडिकेटेड लाइन सरह प्राधिकरण सञ्चालक समितिबाट स्वीकृति लिनुपर्ने विनियमावलीमा उल्लेख छ । ट्रंकलाइनबाट विद्युत् लिन उद्योगले निवेदन लिई प्राधिकरणको सञ्चालक समितिबाट स्वीकृति हुनुपर्ने कानुनी व्यवस्था रहेकोमा कोरिडोरका उद्योगहरुले माग नै नगरेका र प्राधिकरणबाट कुनै निर्णय नभएकोले यस विषयमा सरकारको प्रष्ट धारणा आउनुपर्छ । प्रधानमन्त्रीले हस्तक्षेप गरी अन्यायमा परेका उद्योगीलाई न्यायको अनुभूति दिने वातावरण तयार गर्नुपर्छ, त्यसका लागि पहिले गठन भएको पुनरावलोकन समितिलाई पुनर्जीवन दिने र त्यही समितिको सिफारिशअनुसार काम गर्ने हो भने समस्या समाधानको बाटो खुल्छ ।

# बालबालिकालाई पिसाब संक्रमण हुन नदिन के गर्ने ?



बालबालिकालाई ज्वरो आउने बित्तिकै क्लिनिकमा गएर औषधि खुवाउनु हुँदैन ।

किनभने, ज्वरोको एउटा कारण पिसाब संक्रमण पनि हुन सक्छ भन्ने कुरामा अविभावकले हेक्का राख्नु जरुरी छ ।

चिकित्सकको सल्लाहअनुसार पिसाबको जाँच गराउनुपर्छ ।

जाँचमा संक्रमण देखिएको अवस्थामा रोगअनुसार औषधि र उपचार सुरु गर्न सकिन्छ ।

एक पटक पिसाब संक्रमण भइसकेका बालबालिकालाई पुनः संक्रमण हुने जोखिम ३० प्रतिशतले बढेको हुन्छ ।

त्यसैले पुनः संक्रमण हुन नदिन प्रशस्त पानी पिउने, पिसाब नरोक्ने, कब्जियत हुन नदिने, सन्तुलित खाना दिने, पिसाब फेरिसकेपछि योनीलाई राम्रोसँग सफा गर्ने ।

दैनिक भित्री बस्त्र परिवर्तन गर्नुपर्छ । सकेसम्म भित्री बस्त्र प्रयोग गर्दा कटनको कपडा प्रयोग गर्नु उपयुक्त हुन्छ ।

बालबालिकाको दिसा सफा गर्दा धेरै अविभावकले गल्ती गरिरहेका हुन्छन् ।

अधिकांश अविभावकले पछाडिबाट अगाडि दिसा सफा गर्छन् ।

यसो गर्दा दिसाहरू पिसाब फेर्ने भागमा जान्छ र संक्रमण हुने सम्भावना बढ्छ ।

त्यसैले अगाडिबाट पछाडितर्फ दिसा सफा गर्नु उपयुक्त हुन्छ ।

बालकहरूको पनि पिसाब फेरिसकेपछि लिंगको छाला माथि तानेर सफा गर्नु उत्तम विकल्प हो ।

पिसाबको जाँच गर्ने क्रममा स्वास्थ्यकर्मी पनि उत्तिकै चनाखो हुनु जरुरी छ ।

पिसाबको जाँच गर्दा नमूना संकलनका लागि ध्यान पुर्‍याउनु आवश्यक छ ।

साबुन पानीले एक पटक पिसाब फेर्ने भाग सफा गर्नुपर्छ । ट्वाइलेट ट्रेन बच्चा भए एकपटक पिसाब फेरेपछि बीचको पिसाब संकलन गर्नु आवश्यक छ ।

संकलन गरिएको पिसाब एक घण्टाभित्र प्रयोगशालामा पुर्‍याउनुपर्छ । संकलन गरिएको पिसाब समयमै प्रयोगशालामा पुर्‍याउन सकिएन भने किटाणुको विकास हुन सक्छ ।

बालबालिकामा लगातार पिसाबको संक्रमण भइरहे बाल मिर्गौला रोगसम्बन्धी विशेषज्ञलाई देखाउनु उपयुक्त हुन्छ ।

बिरामीको अवस्थाअनुसार विशेषज्ञले दिएको सुझावका आधारमा उपचार सुरु गरे पिसाब संक्रमण रोक्न सकिन्छ ।

स्वास्थ्य खबरबाट

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

तिलवीर खड्काको छोरी, दल वहादुर गाहा मगरको छोराबुहारी, भीम वहादुर गाहा मगरको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, गुल्मीदरबार गाँउपालिका वडा नं. ०२ बस्ने पवित्रा देवी गाहा मगरले यस शाखामा बचत खाता नं. ४४११५२४०३०००७२ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/०१/२७ मा निज खातावाला पवित्रा देवी गाहा मगरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने सुशिल गाहा मगरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक पवित्रा देवी गाहा मगरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

कुलमान वुढाथोकीको नाति, टेक वहादुर वुढाको छोरा गण्डकी प्रदेश बाग्लुङ जिल्ला, बडिगाड गाउँपालिका वडा नं. १० बस्ने राम वहादुर वुढाले यस शाखामा बचत खाता नं. २०९१५२४१४०८४४७ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/१०/०७ मा निज खातावाला राम वहादुर वुढाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती पर्ने मन कुमारी वुढाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक राम वहादुर वुढाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

डम्बर बहादुर बलालको छोरी, मान सिंह रानाको छोराबुहारी, दल बहादुर साठीघरे रानाको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, छत्रकोट गाँउपालिका वडा नं. ०६ बस्ने लिल कुमारी साठीघरे रानाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०५६३८ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०५/०२ मा निज खातावाला लिल कुमारी साठीघरे रानाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने कृष्ण वहादुर रानाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक लिल कुमारी साठीघरे रानाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

धनविरे कामीको छोरी, जिवलाल कामीको छोराबुहारी, नर वहादुर कामीको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, मुसिकोट नगरपालिका वडा नं. ०४ बस्ने छुमकली कामीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२७८७ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/०१/०६ मा निज खातावाला छुमकली कामीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने यम बहादुर कामीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक छुमकली कामीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

धन वहादुर कुमालको छोरी, भागिरथ कुमालको छोराबुहारी, दल वहादुर कुमाल भन्ने दल वहादुर थापाको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, मुसिकोट नगरपालिका वडा नं. ०४ बस्ने मन कुमारी कुमाल भन्ने मन कुमारी थापाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१७०८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०९/०६ मा निज खातावाला मन कुमारी कुमाल भन्ने मन कुमारी थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने दल प्रसाद कुमालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक मन कुमारी कुमाल भन्ने मन कुमारी थापाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

दामोदर भण्डारीको नाति, तुल्सीराम भण्डारीको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, सत्यवती गाँउपालिका वडा नं. ०७ बस्ने कुलानन्द भण्डारी भन्ने कुल बहादुर क्षत्रीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४५२९ संचालन गर्दै आउनु भएकोमा मिति २०७९/०९/२९ मा निज खातावाला कुलानन्द भण्डारी भन्ने कुल बहादुर क्षत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने भानुभक्त भण्डारीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक कुलानन्द भण्डारी भन्ने कुल बहादुर क्षत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

खड्क वहादुर घर्ति मगरको छोरी, दधिराम झाक्रीको छोराबुहारी, वेग वहादुर झाक्री मगरको श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं. ०४ बस्ने इन्द्र कुमारी झाक्री मगरले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२५७३ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०१/०३ मा निज खातावाला इन्द्र कुमारी झाक्री मगरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने तारा बहादुर झाक्री मगरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक इन्द्र कुमारी झाक्री मगरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

थाहा नभएकोको नाति, ऋषिराम क्षेत्रीको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, इस्मा गाँउपालिका वडा नं. ०५ बस्ने कल बहादुर क्षेत्रीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१७२७ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०४/१६ मा निज खातावाला कल बहादुर क्षेत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने झविन्द्र कुमारी घर्तीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक कल बहादुर क्षेत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

देउदल रजालीको नाति, कर्ण बहादुर रजालीको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, छत्रकोट गाँउपालिका वडा नं. ०२ बस्ने टेक बहादुर रजालीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१७३९ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०५/०८ मा निज खातावाला टेक बहादुर रजालीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने खिमबहादुर रजालीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक टेक बहादुर रजालीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

**निक्षेप रकमउपर हकदावी गर्न आउने ३५ दिने सूचना**

पर्शुराम राकसकोटीको छोरी, लिलबिर वुचाको छोराबुहारी, मन वहादुर वुचाको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, छत्रकोट गाँउपालिका वडा नं. ०३ बस्ने टोफु कुमारी वुचाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१३७६ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०६/०५ मा निज खातावाला टोफु कुमारी वुचाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको बुहारी नाता पर्ने खड्ग कुमारी वुचा मगरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक टोफु कुमारी वुचाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेतसूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपालएसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्सः- ०७९–५२११९४

# बौद्धिक अपांगता भएका विद्यार्थीलाई स्टेशनरी र खेलकुद सामग्री प्रदान



सैनामैना । नेपाली कांग्रेस रुपन्देहीका जिल्ला सदस्य एवं मानवअधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय सभापति गोविन्द खनालले आफ्नो जन्मदिनको अवसरमा बौद्धिक अपांगता भएका विद्यार्थीहरुलाई स्टेशनरी तथा खेलकुद सामग्री प्रदान गरेका छन् । रुपन्देहीको सैनामैना नगरपालिका वडा नं. ८ रामापुरमा रहेको बौद्धिक अपांगता सेवा केन्द्रमा अध्ययनरत बालबालिकालाई पढाइमा टेवा पुगोस् भन्ने उद्देश्यले स्टेशनरी र खेलकुदका सामग्री प्रदान गरेको खनालले बताए ।

खनालले बौद्धिक अपांगता सेवा केन्द्र सञ्चालनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको र विद्यार्थीहरुलाई जन्मदिनको अवसरमा खेलकुद र स्टेशनरी सामग्री वितरण गर्न पाएकोमा खुसी व्यक्त गरे ।

बौद्धिक अपांगता सेवा केन्द्रकी प्रिन्सिपल सुशीला पन्तले खनालको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग पाइरहने विश्वास व्यक्त गरिन् ।

## स्याङ्जामा दुई हजार बढी मतदाता थपिए



स्याङ्जा । स्याङ्जा जिल्लामा दुई हजार भन्दा बढी मतदाता थपिएका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मतदाता नामावली अध्यावधिक गर्ने काम जारी छ । सरकारले अध्यादेश ल्याएसँगै दैनिक ४० देखि ५० जनासम्म नयाँ मतदाताले फोटो खिचाउने गरेका छन् ।

कात्तिक मसान्तसम्म अध्यावधिक गर्ने सिलसिला जारी रहने छ । अघिल्लो चुनावको तुलनामा जिल्लामा मतदाता संख्या घटेको छ । फागुन २१ मा हुने निर्वाचन प्रयोजनाका लागि हालसम्म दुई लाख ४१ हजार ६९९ मतदाता छन् भने २०७९ को चुनावमा दुई लाख ४४ हजार ८९ जना मतदाता थिए ।

यस अवधिमा चार हजार ४७ जनाको मतद( ाता सूचीबाट नाम हटाइएको जिल्ला निर्वाचन कार्यालय स्याङ्जाका प्रमुख श्रीर ाम थापाले जानकारी दिए । मृत्यु भएका तीन हजार ४४६ जना, दोहोरो नाम( ावली भएका ५९० जना र नागरिकता त्याग गर्नेमा ११ जना रहेको थापाले जनाए । अघिल्लो निर्वाचनको तुलनामा दुई हजार ३९० मतदाता घटेका हुन् ।

यसैबिच आगामी फागुन २१ को चुनावलाई मध्यनजर गरी जिल्ला मतदानस्थल तथा मतदान केन्द्र निर्धारण सिफारिस समितिको बैठकले वर्तमान परिस्थितिमा चुनावले मात्रै निकास दिने अवस्था छ, त्यसैले सबैले सहकार्य गने निर्णय गरेको प्रमुख जिल( ला अधिकारी इश्वरीप्रसाद अर्याललले जानकारी दिए ।

मतदाता नामावलीका लागि फोटो खिच्न निर्वाचन कार्यालयमै जानुपर्ने बाध्यता रहेको छ । देशका जुनसकै जिल्ला निर्वाचन कार्यालयमा गएपनि फोटो खिच्न पाइने थापाले बताए ।

नेपाली नागरिकताको प्रमाणपत्र, विवाह भएको खण्डामा विवाहको प्रमाणपत्रको कागजात भए बाहिरी जिल्लामा मतदाता नामावलीमा नाम दर्ता गर्न पाईने कार्यालयले जनाएको छ ।


### नेपाल खानेपानी संस्थान
**शाखा कार्यालय, बुटवल**

## धारा नामसारीको सूचना

**सूचना प्रकाशित मिति : २०८२।०७।१४**

यस कार्यालयमा साविक धारावालाबाट मेरो नाममा नामसारी गरी पाउँ भनी विभिन्न मितिमा निवेदन पर्न आएकोले तपसिलमा उल्लेखित व्यक्तिहरुको नाममा धारा नामसारी गरी दिन नमिल्ने भए सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नेपाल खानेपानी संस्थान शाखा कार्यालय बुटवलमा स-प्रमाण सहित दावी गर्न निवेदन सहित उपस्थित हुनु हुन अनुरोध छ। उक्त समय भित्र कसैको पनि हक दावी पर्न नआएमा संस्थानको नियमानुसार निवेदकको नाममा धारा नामसारी हुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल**

| सि.नं. | लगत नं./आई.डी. | एरिया नं. | साविक धारावालाको नाम थर | नामसारी गरीपाँऊ भन्ने निवेदकको नाम थर |
|---|---|---|---|---|
| १ | २४९-१००७३ | ९-१५-२१ | श्री खडानन्द पाण्डे | श्री प्रिता श्रेष्ठ |
| २ | १४३७६ | ९-२६-५९४ | श्री रामु खड्का | श्री सुनधरा कुँवर |
| ३ | ९६१९ | ८-२९-२४ | श्री एक बहादुर राना | श्री चक्र प्रसाद राना |
| ४ | ५७५८ | ९-२७-१० | श्री सुन्दर बहादुर कार्की | श्री रीता रायमाझि राना कार्की |
| ५ | २४९-११२८८ | ६-१०-९२ | श्री राजन महेश पवन श्रेष्ठ | श्री पवन कुमार श्रेष्ठ |
| ६ | २४९-९०७८ | ८-१९-७८ | श्री लिला बहादुर पुन | श्री भविकला पुन |
| ७ | २४९-३९९४ | ११-९-३४ | श्री बसन्त बस्याल | श्री एन आई सी एशिया बैंक लि. |
| ८ | २४९-१२६६३ | १३-२-५४ | श्री ओम बहादुर खनाल | श्री लिल बहादुर खनाल |
| ९ | १४४२० | ९-२७-५३३ | श्री निल बहादुर कुँवर | श्री रज्जु दिशा |
| १० | २४९-४१११ | ११-१०-५२ | श्री माया थापा देवी थापा | श्री मन माया थापा |
| ११ | ६९३१ | ७-१६-३० | श्री पदम कुमारी श्रेष्ठ | श्री हरी रेग्मी |
| १२ | २४९-५३०७ | ११-२७-२२ | श्री भिम कुमारी श्रेष्ठ | श्री मान बहादुर श्रेष्ठ |
| १३ | २४९-८३९२ | ८-९-७४ | श्री राम बहादुर राना | श्री मिना कुमारी राना मगर |
| १४ | २४९-१३१५३ | १३-१३-२३ | श्री पोश कुमारी ज्ञवाली | श्री उपेन्द्र ज्ञवाली |
| १५ | २४९-१४०३६ | ११-२५-६४७ | श्री कमला कुमारी राना | श्री हरि कला पाण्डे |
| १६ | १२८२३ | १३-५-१७ | श्री पुन्य प्रसाद खनाल | श्री चिन्ता मणि खनाल |
| १७ | १७२ | १-२-६२ | श्री तुल्सी प्र. श्रेष्ठ | श्री कल्पना गौतम |
| १८ | १७३२ | ३-२४-२२ | श्री शशी खाती | श्री गौतम शाह |
| १९ | २४९-३२३७ | ५-२७-८९ | श्री शालिक राम अर्याल | श्री जीवन खरेल |
| २० | २४९-१४५६८ | ११-२६-२६ | श्री टेक बहादुर ओली | श्री चन्द्रकला ज्ञवाली |
| २१ | २४९-४७८२ | ११-१९-६७ | श्री माया खत्री | श्री लछुमन सुनार |



### कञ्चन गाउँपालिकाको कार्यालय
### गाउँ कार्यपालिकाको कार्यालय
**बेउरी, रुपन्देही**

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०८२/०७/१४)**

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा 'समृद्धिका लागि वन कार्यक्रम' तथा 'गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम' अन्तर्गत कार्य गर्ने गरी देहायका पदहरु करार सेवाद्धारा पदपूर्तिका लागि आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित कार्यालय समयभित्र गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०६/३० गतेको निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ। कागजातहरु संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

**देहाय**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २-२०८२/०८३ | वन प्राविधिक | अधिकृत स्तर | १ (एक) |
| २ | ३-२०८२/०८३ | उद्यम विकास सहजकर्ता | चौथो | १ (एक) |

१. **योग्यता शैक्षिकः**

(क) **वन प्राविधिकको हकमाः** वन विज्ञान विषयमा प्रवीणता प्रमाण पत्र तह वा डिप्लोमा उत्तीर्ण गरी कम्तिमा ३ वर्षको अनुभव भएको वा वन विज्ञान विषयमा स्नातक तह उत्तीर्ण,

(ख) **उद्यम विकास सहजकर्ताको हकमाः** प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्स उत्तीर्ण वा प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद् बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ उत्तीर्ण गरेको।

२. **उमेर** : दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (पुरूषको हकमा) र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको (महिलाको हकमा)।

३. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानः** कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी रुपन्देही वा कार्यालयको वेवसाईटःwww.kanchanmun.gov.np बाट प्राप्त गर्न सकिनेछ र दरखास्त फाराम कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी रुपन्देहीमा बुझाउनु पर्नेछ।

४. **प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको स्वघोषणा।**

५. **दरखास्त दस्तुरः** वन प्राविधिकको लागि रु.१२००/- र उद्यम विकास सहजकर्ताका लागि रु. ८००/-

६. **दरखास्त बुझाउने अन्तिम मितिः** २०८२/०७/२८ गते दिनको २:०० बजेभित्र।

७. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदन स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु,
-नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -तालिमको प्रमाण पत्र
-शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि - अनुभवको प्रमाण पत्र
-दरखास्त दस्तुर बुझाएको रसिद -३ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो

८. **करार अवधीः**-२०८२ असार मसान्त सम्म

९. **छनोट प्रकृयाः** प्रारम्भिक योग्यता सूचि प्रकाशन, लिखित परीक्षा र अन्तर्वाता।

१०. परीक्षा कार्यक्रमहरूको मिति पछि प्रकाशन गरिनेछ।

११. **सेवा सुविधाः** क. वन प्राविधिकको हकमा : समृद्धिका लागि वन परियोजनाको निर्देशिका बमोजिम

ख. **उद्यम विकास सहजकर्ताको हकमा** : गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम।

**नोटः** अनुभवी, स्थानीय र तालिम प्राप्तलाई विशेष ग्राहयता दिइनेछ थप जानकारीका लागि ९८५७०८८२४६, ९८४७३०५४५१, ९८४९१६०९०२ मा सम्पर्क गर्न सक्नुहुनेछ।



### Purbakhola Rural Municipality
### Office of the Rural Municipal Executive
**Purbakhola, Palpa**
**Lumbini Province, Nepal**

## Invitation for Online Bids

Date of publication of First Notice: 2082/07/14(2025/10/31)

Purbakhola Rural Municipality Office, Purbakhola ,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Global IME Bank Ltd., Purbakhola Palpa
Name of the Office:Purbakhola Rural Municipality Office, Purbakhola , Palpa
Rajaswa Account No.: 14604010000009
Bid Validity Period: 45 days after opening
(bidder's should submit through bank guarantee only)

| Contract No. | Name of Project | Estimated Amount Exclusive of VAT | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| PRM/NCB/ GOODS/01-082-83 | Procurement of Medicine and Surgical items of Purbakhola Rural Municipality Palpa | 1067909.55 | 1000 | 28000 | 2082/07/30 1:00 pm (2025/11/16) |
| PRM/NCB/ GOODS/03-082-83 | Procurement of ayurved Medicine of Purbakhola Rural Municipality Palpa | 709989.8 | 1000 | 18000 | 2082/07/30 1:00 pm (2025/11/16) |
| EGP/NCB/PRM/ 04-082-83 | Administration Building Management Construction Work | 1676042.27 | 1000 | 50000 | 2082/07/30 2:00 pm (2025/11/16) |

Chief Administrative Officer
Purbakhola Rural Municipality Office



### बौदीकाली गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**डेढगाउँ, नवलपरासी (ब.सु.पू)**

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०८२/०७/१४)

बौदीकाली गाउँपालिका, डेढगाउँनवलपरासी (ब.सु.पू)बाट मिति २०८२।०६।१२ गतेको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्येतपसिल अनुसारको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रहरुसँग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनोटका लागि सिफारिस भएको बोलपत्रदाता | कवोल रकम (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | BRM/NCB/ GOODS-03/ 2082/83 | Collection of River Bed Materials for Kharsanghat kshetra of kaligandaki River. | Sarbashrestha Construction and Suppliers Pvt.Ltd. Baudikali-2, Dedhgaun Nawalparasi (Ba.su.Pu.) | 67,50,000.00 | |
| 2 | BRM/NCB/ GOODS-04/ 2082/83 | Collection of River Bed Materials for Maitighat kshetra of kaligandaki River. | Jayaratna Construction and Suppliers pvt.ltd. Bhimad-6, Tanahun | 13,31,859.29 | |

प्रमुख प्रशासकीय अधिकृत



# मध्यवर्ती बहुमुखी क्याम्पस
### कावासोती नगरपालिका वडा नं. १७ ,
### गोछाडा नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## विषय : आशयको सूचना

मितिः २०८२/०७/१४

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तपशिल बमोजिमका निर्माण कार्यका लागि दर्ता हुन आएका इलेक्ट्रोनिक बोलपत्रहरु मूल्याङ्कन हुँदा तपशिल बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ (सात)दिनेआशयपत्रको सूचना जारी गरिएको छ।

**तपशिल :**

| क्र.स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | बोलपत्रदाताको नाम | कबोल रकम (भ्याट र प्रोभिज्नल सम बाहेक) |
|---|---|---|---|---|
| १. | ०१/MMC/NCB/ २०८२-०८३ | मध्यवर्ती बहुमुखी क्याम्पसको प्रशासनिक भवन निर्माण | मल्टिईन्जिनियरिङ निर्माण सेवा खुमलटार १५ ललितपुर | ४४,४०,२५२.१९।- |

**क्याम्पस प्रमुख**



### Chhatrakot Rural Municipality
### Office of the Rural Municipal Executive
**Choyaga, Gulmi**

## Invitation for Electronic Bids

**Date of First Publication: 31 October, 2025**

1. The Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi invites electronic bids from Nepalese eligible bidders for Work as mentioned below under Sealed Quotations.

| Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Securities (NRs.) | Estimated Price(with Vat and Ps) |
|---|---|---|---|---|
| CRM/Gul/G/SQ-06/082-83 | Supply and Delivery of Laptop | 1,000 | 33,700 | 12,47,990.08 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi during office hours, Office website www.chhatrakotmun.gov.np, Contact no. 9857067908, 9861253525 and inspect the bidding document at PPMO websitewww.bolpatra.gov.np/egp.

**A.Chief Administrative Officer**

# स्याङ्जामा सुन्तला उत्पादन बढ्ने



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जामा यस वर्ष सुन्तलाको उत्पादन बढ्ने भएको छ । अनुकूल मौसम, रोगकिराको कम सङ्क्रमण र सुन्तला उत्पादन दिने बोटको संख्यामा वृद्धि भएसँगै गएको वर्षको तुलनामा यस वर्ष सुन्तला उत्पादनमा वृद्धि हुने अनुमान गरिएको हो ।

झण्डै एक दशकअघि ८ सय ५० हेक्टरमा सुन्तला खेती गरिँदै आएकोमा पछिल्लो वर्षको तथ्याङ्कअनुसार जिल्लामा दुई हजार ३५० हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ । सुन्तला फूल्ने र दाना लाग्ने मौसममा प्राकृतिक रुपमा असिना पानी कम परेको र रोगकिराको संक्रमण कम भएका कारणले उत्पादनमा वृद्धि हने अनुमान गरिएको छ ।

चालु सिजनमा २२ हजार मेट्रिकटन सुन्तला उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको छ । गत वर्षकै मूल्यमा कारोबार भए जिल्लाका सुन्तला उत्पादक किसानले एक अर्ब ३० करोडभन्दा आम्दानी गर्ने छन् । गत वर्ष उत्पादित १९ हजार मेट्रिकटन सुन्तला बिक्रीबाट किसानले करिब एक अर्ब १२ करोड आम्दानी लिन सफल भएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाई स्याङ्जाका प्रमुख अजय अधिकारीले जानकारी दिए ।

विगतका वर्षको तुलनामा चालु वर्ष सुन्तला उत्पादन बढ्ने भएपछि किसानहरु खुसी भएका छन् । अनुकूल मौसम, रोगकिराको न्यून प्रभाव, राम्रा र रसिला दाना भएका सुन्तलाले बजारमा राम्रो मूल्य पाउँदै आएको सुन्तला उत्पादक किसान बताउँछन् । सुन्तलामा गुलियो पसिसकेको छ भने पहेँलो बन्ने क्रममा रहेको उनीहरुले बताए ।

स्याङ्जामा उत्पादित सुन्तलाको माग धेरै भएकाले बजारमा बिक्री हुन थालेको सुन्तला सुपरजोन सञ्चालक समितिका अध्यक्ष बोधराज अर्यालले बताए । उनका अनुसार सुन्तला खरिदका लागि (सुन्तला ठेकेदार) व्यापारी गाउँगाउँ पुग्न थालेका छन् । कतिपय व्यापारीले सुन्तला खरिद गरेर बिक्रीका लागि बजार पुऱ्याएका छन् । जिल्लाका अधिकांश सुन्तला व्यापारीले बगैचामै पुगेर खरिद गर्ने गरेका छन् ।

पछिल्लो समय जिल्लामा व्यावसायिक सुन्तला खेती गर्नेको संख्यामा समेत वृद्धि हुँदै गएको छ ।

बजारमा राम्रो मूल्य पाइने र अन्य खेतीको तुलनामा धेरै मेहनत गर्न नपर्ने भएपछि किसान सुन्तला खेतीतर्फ आकर्षित भएका हुन् । स्थानीय तहसँगै प्रदेश र संघ सरकारले सुन्तला किसानलाई प्राथमिकता दिएर सहयोग गर्दै आएका छन् ।

भुगोल र जातअनुसार जिल्लामा साउनदेखि फागुनसम्म सुन्तला उत्पादन र बिक्री हुने गरेको छ । पछिल्लो समय सुन्तला व्यवसायलाई मुख्य आम्दानीको श्रोत बनाउने किसानको संख्यामा वृद्धि हुँदै गएको छ । जिल्लामा सुन्तला बगैँचाको वृद्धिसँगै उत्पादक किसान थपिने क्रम बढ्दै गएको जिल्लाका अगुवा किसान फणीनारायण अर्यालले बताए ।

स्याङ्जाका ११ वटै पालिकाका प्रायः सबै क्षेत्रमा व्यवसायिक रुपमा सुन्तला खेती गरिँदै आएको छ । जिल्लाका ९७ वडामध्ये झण्डै ९० वडामा सुन्तला उत्पादन हुने गरेको छ । जिल्लाका पुतलीबजार, भीरकोट, वालिङ र गल्याङ नगरपालिकासहित फेदखिोला, आँधीखोला, बिरुवा, हरिनास, अर्जुनचौपारी गाउँपालिकाका अधिकांश वडा सुन्तलाका पकेट क्षेत्र हुन् ।

सुन्तलाबाट प्रतिकिसानले वर्षेनी एक लाखदेखि ४० लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् ।

प्रतिहेक्टर १४ देखि १७ मेट्रिकटन सुन्तला उत्पादन हुँदै आएको छ । बिरुवा रोपेको पाँच वर्षभित्रमा सुन्तलाले फल दिने गर्छ, अझ कलमी जातको बिरुवाले रोपेको तीन वर्षमै फल दिने गरेको स्थानीय किसानले बताए । वर्षेनी ५ देखि ३० लाख रुपैयाँसम्म नगद आम्दानी लिनसक्ने जिल्लामा सुन्तला उत्पादक दर्जनौं किसान छन् ।

# चितवनमा रगतको चरम अभाव : रक्तदान गर्न आह्वान

चितवन । चितवनमा रगतको चरम अभाव भएको छ । चाडपर्वका कारण नियमित रक्त सङ्कलनका कार्यक्रम नभएका कारण जिल्लामा रगतको अभाव भएको हो । बिरामीका आफन्तले खोजेका रक्तदाता मार्फत् मात्र रगत उपलब्ध हुने अवस्था जिल्लामा सिर्जना भएको छ ।

चितवनमा दैनिक १०० देखि १५० यूनिट रगतको माग हुने गरेको जनाइएको छ । यो संख्या संघीय राजधानी काठमाडौंपछिको दोस्रो रगतको माग हुने जिल्ला हो । रगतको अभाव भएपछि भरतपुर महानगरपालिका वडा नम्बर २ मा बिहीबार आकस्मिक रक्तदान कार्यक्रम आयोजना गरियो । कार्यक्रममा भरतपुर महानगरपालिका -२ र १० का वडाध्यक्ष क्रमशः मनोज रानाभाट र परमेश्वर खनालसहित १०५ जनाले रक्तदान गरेका छन् ।

प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरको आग्रहमा नेपाल रेडक्रस सोसाइटी उपशाखा नारायणगढद्वारा आकस्मिक रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । सो अवसरमा उपशाखाकी अध्यक्ष कृपा राजभण्डारीले रगतको अभाव भएपछि केन्द्रको आग्रहमा आकस्मिक रक्तदानको आयोजना गरिएको बताइन् । अभियानमा जनप्रतिनिधि, सामाजिक व्यक्तित्वहरुसंगै आम रक्तदाताहरुलाई रक्तदान गर्न आव्हान गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटी चितवनका सभापति हरि पौडेलले रगतको अभाव भएपछि रक्तदान गर्न सबैमा आव्हान गरिएको बताए । उनका अनुसार नेपाल रेडक्रस सोसाईटी उपशाखा गीतानगरले पनि रक्तदान कार्यक्रम आयोजना गरेको छ । शुक्रबार लायन्स क्लबहरुले रक्तदानको कार्यक्रम आयोजना गर्दै छन् । यसबाट क्रमशः रगतको अभाव घट्दै जाने अपेक्षा गरिएको छ ।

रक्तसञ्चार केन्द्र भरतपुरका प्रमुख रमेशकान्त पौडेलका अनुसार चाडपर्व, राजनीतिक गतिविधि, संघ संस्थाका गतिविधिमा कमी, विद्यालय कलेज बिदा, खेतीपाती भित्र्याउने समयलगायतका कारण रक्तदान कार्यक्रम कम हुँदा रगतको अभाव भएको हो । दैनिक बिरामीले खोजेका रक्तदाता र स्वःस्फूर्त आउनेहरु ५० हाराहारी हुने भए पनि यसले धान्न नसेको उनले बताए । यहाँ रहेका क्यान्सर अस्पतालका बिरामीहरुलाई धेरै रगत आवश्यक पर्दछ । त्यसै गरी दुर्घटना, प्रसूति, शल्यक्रियालगायतमा रगतको अभाव हुने गर्दछ । केन्द्रले चितवनसहित छिमेकी जिल्लामा पुगेर रगत सङकलन गर्ने गरेको छ ।

## उद्योग वाणिज्य संघको टोलीलाई स्वागतः

# 'संस्थागत सम्बन्धलाई व्यवसायिक सम्बन्धमा रुपान्तरण गरौं'



बुटवल । बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीमा वालिङ उद्योग वाणिज्य संघ, स्याङ्जाको भ्रमण टोलीलाई स्वागत गरिएको छ । त्यस अवसरमा संस्थागत सम्बन्धलाई व्यवसायिक सम्बन्धमा रुपान्तरण गर्न सकिने धारणासहित रुपन्देहीले स्याङ्जा र स्याङ्जाले रुपन्देहीमा आफ्ना उत्पादित बस्तुहरुको बजार खोजेका छन् ।

स्याङ्जाबाट भ्रमणको यात्रामा निस्केको वालिङ उद्योग वाणिज्य संघको टोलीलाई बुटवलमा स्वागत गर्दै बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरिप्रसाद अर्यालले रुपन्देहीमा उत्पादन भएका औद्योगिक बस्तुहरुको स्याङ्जामा राम्रो बजार बन्ने विश्वास व्यक्त गर्दै स्याङ्जामा उत्पादन भएका कृषिजन्य बस्तुहरुलाई रुपन्देहीमा बजारीकरण गर्न सकिने भनाइ राखेका थिए ।

उनले उद्योग वाणिज्य संघहरुबिचको आपसी सम्बन्धलाई व्यापार व्यवसायमा पनि जोड्न सकियो भने त्यसले औद्योगिक तथा व्यवसायिक विकासमा समेत टेवा पुग्ने बताए । त्यसको लागि बुटवल उद्योग वाणिज्य संघ तयार रहेको पनि उनले जनाए ।

त्यसैगरी वालिङ उद्योग वाणिज्य संघ स्याङ्जाका अध्यक्ष चेतनारायण श्रेष्ठले पहिलेदेखि नै स्याङ्जा र रुपन्देही बिचमा संस्थागत तथा व्यवसायिक सम्बन्ध रहिआएको बताउँदै यो सम्बन्धलाई अझै मजबुद बनाउनु पर्ने बताए । उनले स्तरोन्नति हुँदै गरेको बुटवल-पोखरा सडक तथा सोही सडकमा पर्ने पाल्पा र स्याङ्जाको सिमाना राम्दीमा क्षमता वृद्धिसहित बन्दै गरेको पुलको निर्माण पूरा भएपछि व्यवसायिक सम्बन्धले अझै मूर्त रुप लिने विश्वास व्यक्त गरे । उनले वालिङमा परम्परागत कृषिजन्य उत्पादनसहित सुन्तला खेती रहेको जानकारी गराउँदै ती उत्पादनलाई बुटवलमा बजारीकरणमा सहयोग गर्न आग्रह गरे ।

कार्यक्रममा बोल्दै बुटवल उद्योग वाण्जिय संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूले यस क्षेत्रको औद्योगिक विकास तथा आर्थिक, सामाजिक विकासमा बुटवल उद्योग वाणिज्य संघले लगानीसहितको नेतृत्वदायि भूमिका निर्वाह गरेको जानकारी गराए । उनले औद्योगिक विकाससहित उद्योगी व्यवसायिका समस्या समाधानका लागि महासंघले पहल गरिरहेको बताउँदै महासंघको पहलकै कारण धेरै समस्या समाधान पनि भएको उल्लेख गरे । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, महासचिव मुक्ति अधिकारीलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

त्यस अवसरमा संघका कार्यकारी निर्देशक मदनकुमार कार्कीले बुटवल उद्योग वाणिज्य संघको स्थापना, यसको विधानमा भएका व्यवस्था, सञ्चालित कार्यक्रम, सदस्यहरुको अवस्थालगायतका विषयमा प्रस्तुति गरेका थिए ।


## Madhyabindu Municipality

### Office of Municipal Executive

Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)

Gandaki Province, Nepal

## Invitation for Bid

First Date of publication: 2025-10-31 (2082-07-14)

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (Without- VAT& PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 08/NCB /MB/ WORKS/ 2082/83 | Construction of Khusi park infront of Nagar aspatal | NCB- WORKS | 33,09,364.58 | 3000/- | 1,00,000 | 90 days/ 120 days after bid opening | 2025-11-30 12.00 | 2025-11-30 14.00 |

Chief Administrative Officer

## Mathagadhi Rural Municipality

### Office of the Rural Municipal Executive

Jhadewa, Palpa

## INVITATION FOR BIDS

Notice No:- 02-2082-083, 2nd Date of Publication:- 2025-10-31 AD

1.Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive invitesonly electronic bids foreligible bidders for Construction of following Works under sealed quotationbidding procedures.

| Contract Identification No. | Description of Work | Estimated Amount (with VAT & PS) | Bid Security Amount | Fee for Bidding Document |
|---|---|---|---|---|
| MRM/B/SQ/WORKS/ 2082-83/07 | Gaunghar Clinik Byabasthapan tatha purwadhar nirman, Mathgadhi-06, Palpa | 1,738,000.92 | 45,000.00 | 1000 |
| MRM/RD/SQ/WORKS /2082-83/08 | Road Upgrading work (Rahawas-Tinghare-Dhanuwa Road, Mathagadhi-07, Rahawas, Palpa) | 1,206,072.15 | 30,000.00 | 1000 |
| MRM/RD/SQ/WORKS/ 2082-83/09 | Road Upgrading work (Amarai Sathipaila-Swastya Chauki hudai wada karyalaya road, Mathagadhi-02, Rupse, Palpa) | 1,005,224.83 | 25,000.00 | 1000 |
| MRM/RD/SQ/WORKS/ 2082-83/10 | Road Upgrading Work (Chitrungdi road, Mathagadhi-03, Sarai, Palpa) | 1,002,462.44 | 25,000.00 | 1000 |
| MRM/B/SQ/WORKS/ 2082-83/11 | Gramodaya Ma. Vi. School fencing work, Mathagadi-06, Gothadi, Palpa | 1,003,606.89 | 25,000.00 | 1000 |

2. Bidder may download the bidding documents and submit their bids electronically through www.bolpatra.gov.np/egp as specified in the Bid document.

Chief Administrative Officer

## Baudikali Rural Municipality

### Office of Rural Municipal Executive

Dedhgaun, Nawalparasi (Ba.Su.Pu.)

Gandaki Province, Nepal

## Invitation for E-Bid

Date of publication: 2082-07-14 (2025October 31)

1. Baudikali Rural Municipality has allocated funds towards the cost of Civil worksand intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Baudikali Rural Municipality, Office of Municipal Executive Invites Electronic Bid from eligible bidders for the following project sunder National Competitive Bidding procedures.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| BRM/NCB/ WORKS-02/ 2082/83 | Construction of Singatari -BP chowk- Akaladevi Temple Road. | NCB- WORKS | 14,756,023.21 | 3,000/- | 4,35,000.00 | 90 days /120 days after bid opening | 2025-11-30 (2082-08-14) 12.00 | 2025-11-30 (2082-08-14) 13.00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Baudikali Rural Municipality, Office of Municipal Executive, Dedhgaun, Nawalparasi(Ba.Su.Pu.) Gandaki Province, Nepal98560-03367 or may visit PPMO website www.bolpatra.gov.np/egporbaudikalimun.gov.np/.gov.np.

Chief Administrative Officer


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com